

# POVERTY ALLEVIATION FUND (PAF)

Sarlahi Annual Progress Report

## गरीवी निवारण कोष, वार्षिक प्रतिवेदन, सर्लाही
आव २०७२/७३

### १ जिल्लाका समग्र स्थिति र गरीवी निवारण कोष

### सर्लाहीमा कोष

गरीबी निबारण कोषको कार्य संचालनार्थ दोश्रो चरणका १९ जिल्ला अर्न्तगत पर्छ सर्लाही जिल्ला । गरिबी न्यूनिकरण गर्ने कोषको उद्देश्य अनुरुप यस जिल्लामा कोषको कार्यक्रम २०६३ मा शुरु भएको हो । यस कार्यक्रम जिल्लाको साबीकको १ नगरपालिका सहित ९९ गा.वि.स.मा संचालित छ ।

कोषको कार्यक्रमलाई सहजीकरण गर्नका लागि प्रतिस्पर्धाका आधारमा छनौट भएका १६ वटा सहयोगी संस्थाहरु मध्ये हाल १५ हाल यस जिल्लामा कार्यरत छन् । हाल सम्म १४३१ वटा सामुदायिक संस्थाहरु कोषमा दर्ता भइ आय आर्जन कार्यक्रम संचालन भैरहेका छन् भने कुल १११ भौतिक पूर्वाधार उप परियोजना छन्।

### कोषको कार्यक्रम संचालन भएका गा.वि.स.हरु नक्शामा



## २. कार्यक्रमका आधारस्तम्भहरु

### २.१. सामाजिक परिचालन

सामाजिक परिचालन कोषको चार आधार स्तम्भ मध्ये एक र अन्य तीन स्तम्भलाई प्रभावकारी बनाउनका लागि अति आवश्यक र महत्वपूर्ण स्तम्भ हो । सामुदायिक संस्था गरीबी निवारण कोषमा दर्ता भएपछि सामाजिक परिचालनकै माध्यमद्धारा सामुदायिक संस्थाका सदस्यहरुले आपसमा छलफल गरी आफ्नो ठाउँमा उपलब्ध श्रोत साधनको पहिचान गर्दै आफ्ना आवश्कता परिपूर्तिका लागि योजनाहरु बनाउँछन् । यसै प्रक्रियाद्धारा हाल सम्म कोषमा दर्ता भएका सामुदायिक संस्था र संझौताको अवस्था तल तालिकामा देखाइएको छ । यस आ.व. २०७२/२०७३ मा २६ नयाँ सामुदायिक संस्थाहरु कोषमा दर्ता भए भने ७४ ( पहिला दर्ता भई बसेका सा.स.हरु समेतमा कार्यक्रम सम्झौता भएको ) वटा उपपरियोजनाहरु कार्यान्वयनका लागि संझौता गरिएका छन् । जसमा सबै वटा आय आर्जनसंग सम्बन्धित छन् । यसरी कुल १४३१ संस्थाहरु कोषमा दर्ता भई १४२६[1] उपपरियोजनाहरु संझौता भई कार्यान्वयन भइरहेका छन् भने थप १६ वटा सामुदायिक संस्थाहरु दर्ता हुने क्रममा छन् । यसरी हाल सम्म जम्मा सामुदायिक संस्थाको संख्या १४४७ पुगेको छ ।

**तालिका-१ : कोषसंग सम्बन्धित जिल्लाको समग्र तथ्यांकिय जानकारी**

| शिर्षक | | संख्या र रकम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | आ.व.०७२/७३ | | हाल सम्मको जम्मा संख्या र रकम | | |
| सामुदायिक संस्था | सामुदायिक संस्था गठन | ४२ | रकम | संख्या | १४४७ | |
| | कोषमा दर्ता | २६ | | | १४३१ | |
| | सामुदायिक संस्था संजाल | | | | | समुदायको योगदान |
| | सहकारीको सख्या | | | | | |
| कोषको लगानी | संझौता | ७४ | | | ६६,९१,८८,००८ | |
| | आयआर्जन तर्फ | ७४ | २,५३,१८,८८१ | १४३१ | ५३,६५,३७,७९० | |
| | भौतिकपूर्वाधार तर्फ | ० | ० | १११ | १३,२६,५०,२१७ | |
| सहयोगी संस्था | | १५ | | | | |
| कार्यक्रम पुगेका गा.वि.स. | | सबै | | | | साबिकको १ नगरपालीका तथा जम्मा गा.वि.स. ९९ |

[1] कुल सम्झौता भएका मध्ये ५ सा.स. मा प्रविधिक समस्याका कारण कार्य संचालन हुन सकिरहेको छैन ।

**तालिका-२ : कोषसंग सम्बन्धित जिल्लाको समग्र तथ्यांकिय जानकारी**

| सामुदायिक संस्थामा आबद घरधुरी | | | प्रतिशत | गरीबी वर्गिकरण |
|---|---|---|---|---|
| जम्मा | | ४७,५५५ | १०० | |
| गरीबी वर्गिकरण | अति गरीब(क) | ३४,९४९ | ७३.५ | ३ ≤ महिना खानपुग्ने |
| | मध्यम गरीब(ख) | ९,७०३ | २०.५ | ६ ≤ महिना खानपुग्ने |
| | गरीब(ग) | २,८७६ | ६.० | १२ ≤ महिना खानपुग्ने |
| | घ बर्ग | २७ | ०.०६ | |
| | | | | |
| लिंगका आधारमा | महिला | ४४,१८१ | ९२.९ | |
| | पुरुष | ३,३७४ | ७.१ | |
| | | | | |
| जातिगत आधारमा | दलित | १३३८६ | २८.१५ | |
| | ब्राहमन | १,५२२ | ३.२० | |
| | क्षेत्री | १,५२६ | ३.२१ | |
| | जनजाति | १२,०९० | २५.४२ | |
| | अन्य | १८,०३१ | ४०.०१ | |

## २.० आयआर्जन

यस जिल्लामा आयआर्जन अन्तर्गत विभिन्न क्षेत्रहरु जस्तै पशुपालन तर्फ बाखापालन, भैंसीपालन, गोरु, राँगा कुखुरापालन आदि छन् भने कृषि तर्फ मौसमी तथा वेमौसमी तरकारी उत्पादन, धान खेती, उखु खेतीमा लगानी भएको देखिन्छ । अन्य आयआर्जन तर्फ, खुद्रा तथा होटल व्यवसाय, परचुन , कपडा ब्यापार, होटल ब्यबसाय, साईकल मर्मत आदि प्रमुख छन् । यसरी आयआर्जनका लागि कोषबाट उपलब्ध गराईएका रकमलाई समुदायले चक्रकोषको रुपमा परिचालन गर्दैछन् । गरीब समुदायमा यो चक्र कोषको रकम सामाजिक पूँजीका रुपमा स्थापना भएको हुँदा गरीबी निवारण कोषले यसलाई सामाजिक कोषको रुपमा व्याख्या गरेको छ ।

पशुपालन तर्फ धेरैको माग भैसीपालनमा देखिन्छ ।
यस आ.व. ०७२/७३ मा ७४ वटा आयआर्जन उपपरियोजनामा संझौता भएको छ भने कूल १४३१ वटा आयआर्जन क्रियाकलापहरु संचालित छन् । आयआर्जन अन्तर्गत विभिन्न क्षेत्रमा भएको लगानीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका-३: आयआर्जन अन्तर्गतका क्षेत्रहरुमा भएको लगानी**

| शिर्षक | | आ.व.२०७२/७३ | हाल सम्मको जम्मा |
|---|---|---|---|
| आयआर्जका विभिन्न क्षेत्रमा भएको लगानी ( रु.मा) | पशुपालन (Livestock) | २,०६,८५,४००/- | ४४,९७,२३,०५३/- |
| | कृषि(Agriculture & Others) | ११,५९,२००/- | १,७९,२७,०४५/- |
| | उत्पादनमुलक( manufacturuing& Others) | १५३,०००/- | ५६,५६,२६५/- |
| | व्यापार(Trading) | ५३,६१,३००/- | ९,४२,८१,३१५/- |
| | सेवा क्षेत्र(Service Sector) | ९९५,४००/- | १,५३,१०,२५०/- |
| | क्षमता विकास(Capacity Building) | ३,६५,४९०/- | ४,६४,९७,९८२/- |
| | अनुगमन मुल्याङ्कन ( Monitoring ans Evaluation) | ७४०,०००/- | २,३५,३७,७०४/- |
| | भौतिक पुर्वाधार (Community Infrastructure) | ९०,०००/- | १४,१८,९०,९५४/- |
| | कूल जम्मा | २,९५,४९,७९०/- | ७९,४९,३६,५६८/- |

उल्लेखित क्षेत्रहरु मध्ये सबै भन्दा बढी अर्थात ५६% पशुपालन व्यवसाय तर्फ देखिन्छ त्यस पछि दोश्रोमा भौतिक पुर्वाधारमा करिब १८ % लगानी भएको छ । त्यस्तै ब्यापारमा करिब १२ % लगानी भएको देखिन्छ । त्यस्तै क्षमता विकासमा ३ % लगानी भएको छ । करिब ६ प्रतिशत क्षमता बिकासमा लगानी भएको देखिन्छ । आय आर्जनका अन्य क्षेत्रहरुको तुलनामा पशुपालनमा बढि लगानी भएको छ ।

## 2.1 चक्रकोषको स्थिति

गरिबी निवारण कार्यमा सामुदायिक संस्थाको दीगोपनको प्रमुख आधार भनेकै उनीहरुलाई कोषले उपलब्ध गराएको चक्रकोष हो । सर्लाही जिल्लामा आ.ब. २०७२र७३ को फाल्गुण मसान्त सम्मको तथ्याङ्क निम्न बमोजिम रहेको देख्न सकिन्छ ।

**तालिका-४: आयआर्जनमा गरिएको चक्र कोषको बिबरण (हालसम्मको)**

| क्र.स. | बिबरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | ग.नि.को.लगानी | रु. ४९,७५,१४,०६६/- | |
| २ | समुदायको स्व. लगानी | रु.५३,१९,११९ /- | |
| ३ | ब्याज/हर्जाना प्राप्त रकम | रु. ११,७५,९१,३४२ /- | |
| ४ | अन्य स्रोतबाट प्राप्त रकम | रु. ५३,५५,१७५/- | |
| ५ | घुम्तिकोषको आम्दानीबाट भएको खर्च | रु. ३०,५६,७७६/- | |
| ६ | जम्मा रकम | रु. ६१,३६,२५,१९५/- | |
| **पुनश्च : २०७२ फाल्गुण मसान्त सम्मको मात्र मिलान भएको । दोश्रो किस्ता बाँकी तथा नयाँ सम्झौता भए पश्चात निकाशा भएका सा.स. हरुको मिलान हुन बाँकी ।** | | | |

---

## २.२ भौतिक पूर्वाधार

खासगरी गरीबीको चक्रबाट बाहिर आउनका लागि गरीबीसंग प्रत्यक्ष जोडिएका र उनीहरुको जिविकोपार्जनका लागि सहयोग पुरयाउने साना भौतिकपूर्वाधारहरुको विकास महत्वपूर्ण हुन्छ । शुद्ध खानेपानी, साना सिंचाई, ग्रामिण सडक स्कुल, जस्ता पूर्वाधारहरुले उनीहरुको जीवनस्तरमा सहजता ल्याएको छ । कार्यक्रम शुरुवात देखी हाल सम्म १११ भौतिक उपपरियोजनामा २५ पुर्ण रुपमा सम्पन्न[2], ५५ सम्पन्न[3] तथा ३१ कार्य सुचारु छन् । सम्पन्न भएका भौतिक पुर्वाधार उप परियोजनाहरुमा मर्मत संभार कोष खडा गरि परिचालन पनि गरिदै आएको छ ।

## २.३ क्षमता विकास

### २.३.१ सहयोगी संस्थाका कर्मचारिहरुको क्षमता विकास

गरीबी निवारण कोषले लक्षित समुदायमा सामाजिक परिचालन मार्फत गरिबी न्युनिकरणको लागी सहयोगी संस्थाका कर्मचारीहरुको क्षमता बिकासमा उत्तिकै ध्यान दिएको छ । साथै गरिबी न्यूनिकरणको लागी लगानी मात्र गरेको छैन, त्यस लगानीको दीर्घकाल सम्म सहि सदुपयोप गरेर समुदायको गरीबीलाई न्यूनिकरण गर्ने उद्देश्य रहेको हुँदा त्यसको सहि सदुपयोगको लागि समुदायलाई आवश्य पर्ने क्षमता बृद्धि सम्बन्धि काममा सहयोग गरेको छ भने समुदायलाई सहजीकरण गर्ने सहयोगी संसथाका कर्मचारीहरुलाई विभिन्न प्रकारका तालिमहरु प्रदान गर्दै आइरहेको छ ।

कार्यक्रम अभिमुखिकरण, सहकारी तथा घुम्ति व्यावस्थापन, लेखा व्यावस्थपन, स्वास्थय सरसफाई तथा मर्मत सम्भार, पकेट क्षेत्र सम्वन्धी, प्रतिवेदन तथा घटना अध्ययन, यस.ई.वाई.भी, पोषण, पी.आर.ए, टोपे, टोशे आदि तालिमहरु सहयोगी संस्था सम्बद्ध कर्मचारीहरुलाई दिदै आएको छ ।

---

[2] MIS तथ्याङ्क पुर्ण रहेको ।

[3] ग.नि.को. MIS मा आर्थिक रुपमा सम्पन्न ।

**२.३.२ सामुदायिक संस्थाका सदस्यहरुको क्षमता विकासः**

सहयोगी संस्थाहरु मार्फत सामुदायिक संस्थाको प्रमुख पदाधिकारीहरुको लागि नेतृत्व विकास, लेखाव्यवस्थापन, संस्थागत विकास, चक्रकोष व्यवस्थापन, वचत तथा ऋण परिचालन जस्ता संस्था संचालन सम्बन्धि तालिमहरु संचालन भएको छन् भने व्यवसाय विकासका लागि व्यवसाय अनुसार पशुपालन तरकारी तथा फलफुल खेती सम्बन्धि तालिमहरु र अन्य सिप विकाससंग सम्बन्धित तालिमहरु समेत संचालन हुदै आएका छन् ।

**३. सहयोगी संस्था**

यस सर्लाही जिल्लामा कोषले आ.व.२०६३/६४ देखि शुरु भएको हो । समुदायमा सामाजिक परिचालन, सहजीकरण, प्राविधिक सहयोग, अनुगमन आदि जस्ता कार्य समुदायको नजिकमा रहेर गर्नका लागि यस जिल्लामा शूरुमा १६ वटा [4]गैरसरकारी संस्थाहरुले कोषका सहयोगी संस्थाका रुपमा कार्य गरिरहेका छन् । सहयोगी संस्थाहरुको काम समुदाय परिचालन, सहजीकरण, सामुदायिक संस्थाहरुको क्षमता विकासमा सहयोग पुर्याउनुको अलवा सामुदायिक आयोजनाको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, निर्माण तथा संचालन र मर्मत संभारमा सहयोग पुर्याउनु हो । यसरी सर्लाही जिल्लामा निम्न अनुसारका सहयोगी संस्थाहरुले सामुदायिक संस्थाहरुलाई उल्लेखित सहजीकरणमा सहयोग पुर्याएका छन् ।

**तालिका-७ : सहयोगी संस्था र कार्यरत गा.वि.स.हरु**

| क.सं. | सहयोगी संस्थाको नाम | कार्यरत गा.वि.स. | कैफियत |
|---|---|---|---|
| १ | आसमान नेपाल AASMAN | हेमपुर, जमुनिया, रामवन, रोहुवा, गोडैता, लक्ष्मीपुर सुखचैना, सिसौटिया | |
| २ | बाल संरक्षण संस्था CPO | कालिन्जोर, पत्थरकोट, हरकठवा, मैनाथपुर, परवानिपुर, धनकौल, पछियारी, लालबन्दी | |
| ३ | ग्रामिण बिकास संस्था IRD | त्रिभुवननगर, नौकेल्वा, किसनपुर, मोहनपुर, व्रम्हपुरी | |
| ४ | जागरण Jagaran | अत्रौली, सासापुर, बहादुरपुर, वेल्वा जब्दी, हरिवन, गडहिया, डुमरीया | |
| ५ | स्थानिय बिकास कोष LDF | श्रीपुर, सहडिवा, बेल्ही, लौकठ, मुसैली, मंलगवा | |
| ६ | नेपाल जनकल्याण केन्द्र NEWs | मुर्तिया, हजरीया, बलरा, हथियौल, सुदामा, अचलगढ, छतौना, बेला, ईश्वरपुर | |
| ७ | ग्रामिण सेवा समाज RSS | कविलासी, पिपरिया, औरही, सलेमपुर, गम्हरिया, ववरगंज | |
| ८ | जनमुखी आपसी बिकास केन्द्र PBMDC | हरिपुर, बगदह,घुर्कौली र भगवतिपुर, सुदामा | |
| ९ | ग्रामिण बिकास संस्था RWUA | लक्ष्मीपुर कोदराहा, फरहदवा र जानकीनगर, सेखौना र सिसौट ,नेत्रगंज र शंकरपुर | |
| १० | समाज सेवा यूवक संघ SSYS | बाराउधोरण, सिमरा, मधुवनगोठ, बत्रौल, भाँडसर, फुलपरासी र कौडेना | |
| ११ | ग्रामिण सामुदायिक बिकास केन्द्र VCDC | जब्दी, पिडारी, रानिगंज, गौरीशंकर , पर्सा , भक्तिपुर, चन्द्र नगर | |
| १२ | ग्रामिण सवंयसेबक समाज VVS | ढुंग्रेखोला, नारायणखोला, रामनगर वहुअर्वा, छटौल, कर्मैया, खैर्वा | |
| १३ | ह्रेस्टे हैसै HH | धनगाढा, कडरिया, सक्रौल, खुटौना, मोतिपुर, खोरिया, सुन्दरपुर | |
| १४ | बाग्मती कल्याण सेवा समाज BWSN | | |
| १५ | प्रेरना Prerana | हरिपूर्वा ,वसन्तपुर , धनकौल पुर्वा , संग्रामपुर , नारायणपुर ,भेल्ही र जिंगड्वा | |

**३.१ सहयोगी संस्थामा कार्यरत जनशक्ति**

कोषका लागि कार्यरत सवै सहयोगी सस्थाका कूल १०० जना कर्मचारीहरु मध्ये १३ जना कार्यक्रम सयोंजक, १३ जना सुपरभाईजर तथा ७२ जना सामाजिक परिचालक छन् ।

[4] हाल १५ वटा सहयोगी संस्थाहरु रहेको ।

### ३.२ सहयोगी संस्थालाई निकासा

सामुदायिक संस्थाहरुलाई सामाजिक परिचालन, सहजीकरण, प्राविधिक सहयोग आदि सेवा उपलब्ध गराउन कोषको मापदण्ड अनुसार प्रतिस्पर्धाका आधारमा छनौट भएका १५ वटा सहयोगी संस्थाहरुले यस सर्लाही जिल्लामा काम गर्दै आइरहेका छन् । कोषले यी सहयोगी संस्थाहरुसंग उनीहरुको कार्य सम्पादन मूल्यांकनका आधारमा वार्षिक रुपमा संझौता गर्दै आइरहेको छ । उल्लेखित कार्य गर्नका लागि सहयोगी संस्थाहरुसंग कोषले अलग्गै संझौता गर्दछ ।

यस आर्थिक बर्षमा पहिलाका बर्षहरुका तुलनामा नियमित रुपमा उल्लेख्य कामहरु हुन सकेन । बिशेष गरि राजनैतिक परिवेशजन्य तथा ग.नि.को. को प्राबिधिक पक्ष लगायत कार्यरत सहयोगी संस्थाहरुको तत्परता समेतका कारणहरुले लागि आ.व.०७२/७३ मा कुल रकम रु. २,४३,७०,३१० छुट्टाइएको थियो भने आ.ब. २०७२ ७३ को असार मसान्त सम्म रु. २१८२५७७२ निकासा भई ८९.५६ प्रतिशत सम्पन्न भएको छ । जस अर्न्तगत सामाजिक परिचालन, प्राविधिक सहयोगमा, क्षमता विकासमा, अनुगमन, मूल्यांकन तथा प्रतिवेदनमा र शिर्षभार तथा कार्यालय संचालनमा शिर्षकमा रहेको थियो । सामाजिक परिचालन अन्तर्गत सहयोगी संस्थाका कर्मचारीहरुको तलब र दुर्घटना विमा, नयाँ गा.वि.स.मा कोष र यसको कार्यक्रम संचालन प्रक्रिया सम्बन्धमा गा.वि.स. र वार्ड स्तरीय अभिमूखिकरण, सामुदायिक संस्था गठन पश्चायत तिनीहरुका लागि मसलन्द सहयोग जस्तैः रजिष्टर, छाप, क्याल्कुलेटर, बाकस, फाइल आदि, सामुदायिक संस्थाहरुको परियोजना प्रस्तावना तयारी आदि जस्ता खर्चहरु समावेश छन् भने प्राविधिक सहयोग अन्तर्गत सामुदायिक भौतिक पूर्वाधार निर्माणको लागि पूर्व संभाव्यता अध्ययन, विस्तृत प्रतिवेदन, प्रस्तावना तयारी र इन्जिनियरिङ्ग खर्च समावेश छ । यसै गरी क्षमता विकास अन्तर्गत सामुदायिक संस्थाका सदस्यहरुलाई नेतृत्व विकास, लेखाव्यवस्थापन, बचत तथा ऋण व्यवस्थापन जस्ता तालिम प्रदान गरिएको छ भने सहयोगी संस्थाहरुका लागि पनि सामुदायिक संस्थाहरुको क्षमता विकासको आवश्यकता अनुसारका प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको छ । त्यसै गरी कोषको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि जिल्ला स्थित विभिन्न विषयगत कार्यालयहरु, राजनीतिकदलहरु र स्वंय सहयोगी संस्थाका कार्यकारीहरुबाट अनुगमन तथा मूल्यांकनका लागि उल्लेखित रकम सो शिर्षककमा छुट्टाइएको थियो तर समय सर्न्दभमा आएको परिबर्तनले सोहि अनुसार कार्य सम्पन्न भने हुन सकेन ।

## ४. संस्थागत विकास तथा दीगोपना

कोषको लगानीको सदुपयोगका लागि सामुदायिक सस्थाहरुको क्षमता र संस्थागत विकासमा कोषले जोड दिएको छ । समुदायको संस्थागत विकासद्धारा नै उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने उद्देश्य अनुसार समुदायको संस्थागत विकासका लागि सामुदायिक संस्थाका पदाधिकारी एवं सदस्यहरुलाई संस्थागत विकास तालिम प्रदान गरिएको छ । त्यसै गरी लेखा व्यवस्थापन, बचत तथा ऋण परिचालन जस्ता तालिमले उनीहरुको संस्थागत विकासमा सहयोग पुर्‍याएको छ । संस्थाका सदस्यहरु महिनाको एउटा तोकिएको दिनमा भेला भई बैठक बस्ने, आफ्ना समस्याका बारेमा छलफल गर्ने र समस्या समाधानका लागि योजना बनाउने, सम्बन्धित निकायको सामुहिक प्रयासद्धारा धानाकर्षण गराउने जस्ता कामले उनीहरुको संस्थागत विकासमा सहयोग गरेको छ ।

त्यसैगरी समुदायले गरेको काम दीगो हुनुपर्दछ भन्ने मान्यतामा आधारित रहि त्यसका लागि संस्थागत विकासका साथै उनीहरुलाई आवश्यक अन्य प्राविधिक सहयोगको पनि आवश्यक पर्दछ । समुदायले आवश्कता महसुस गरेका कृषि, भेटेनरी, इन्जिनियरिगं जस्ता सेवाहरु उपलब्ध गराइएका छन् भने त्यस्ता आधारभूत सेवा प्रदान गर्ने जनशक्ति समुदायमा नै उपलब्ध गराउनका लागि समुदायले प्रस्ताव गरेको व्यक्तिलाई ३ महिने ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता तालिम पाएका छन् । यतिहुँदा हुँदैपनि उनीहरुको दीगोपनाको प्रमुख आधार भनेको कोषबाट आयआर्जनका लागि चक्रकोष रुपमा संचालन गर्न प्रदान गरिएको रकम नै प्रमुख हो । यसको सहि सदुपयोगका लागि उल्लेखित सहयोगहरु प्रदान गरिएको हो । यसका अतिरिक्त विभिन्न सेवा प्रदायक निकायहरुसंगको सम्बन्ध विकास पनि सामुदायिक संस्थाहरुको दीगोपनालाई सहयोग मिल्दछ ।

### ४.१ सामुदायिक सस्थाका संजाल (नेटवोर्क)

छरिएर रहेका सामुदायिक संस्थाहरुलाई एउटा छाता संगठन भित्र आबद्ध गरी आफ्ना समस्याहरुलाई सामुहिक रुपमा बुलन्द गराउन सक्ने वातावरणलाई सहज बनाउन सामुदायिक संस्थाहरुको गा.वि.स.स्तरीय संजालहरु निर्माण भएका छन् । यसले एक अर्का सामुदायिक संस्थामा भएका विभिन्न गतिविधिहरुको बारेमा अनुभव आदान प्रदान भएको छ भने सामुहिक योजना संचालन गर्न आवश्यक सहयोग वा योगदान जुटाउन, आफ्ना सदस्यहरुलाई परिचालन गर्न सघाउ पुर्‍याएको छ । सामुदायिक संस्था संजाललाई आगामी दिनमा थप परिष्कृत तथा मजबुत बनाउदै लैजानु आबश्यक रहेको देखिन्छ ।

**४.४ अन्य सस्थागत विकास प्रयाश**

**गरिबी निबारण संग जोडिएका नियमित क्रियाकलापहरुको अतिरिक्त ग.नि.को. को आबधिक तथा परिबेशजन्य निर्देशन, सहयोगी संस्थाहरुको तत्परता तथा सामुदायिक संस्थाहरुको संम्लग्नतामा अन्य क्रियाकलापहरु पनि हुदै आईरहेको छ । यस अबधिमा सामुदायिक संसथाहरुको स्तरोन्नती मापन गर्ने कार्य करिब ८० प्रतिशतले सम्पन्न भएको छ ।**

## ५. अनुगमन तथा मूल्यांकन

अघिल्ला आ.व.मा जस्तै यस आ.व.२०७२/७३ मा पनि संचालित कार्यक्रमको विभिन्न तह र निकायबाट अनुगमन गर्ने काम भयो । सामुदायिक संस्था आफैले अनुगमन उपसमिति बनाई आफ्ना सदस्यहरुले गरेका विभिन्न क्रियाकलापहरुको अनुगमन गर्ने व्यवस्था भए अनुरुप नै अनुगमन गरेको देखिन्छ । त्यस्तै सहयोगी संस्थाका कर्मचारी तथा पदाधिकारी/सदस्यहरुबाट पनि कार्यक्रमको अनुगमन भइरहेको छ । त्यसै गरी गरीबी निवारण कोषबाट निरन्तर अनुगमन भइरेहको छ । यसरी हुने अनुगमनमा कार्यक्रम संचालन प्रक्रियामा अनुगमन, स्वीकृत माग अनुसारको श्रोत साधन समुदायमा पुगेनगुगेको, त्यस अनुसारको काम भए नभएको जस्ता कार्यक्रम शुरु देखि त्यसले दिने अन्तिम प्रतिफल सम्मको अनुगमन भएका छन् ।

त्यस्तै सहयेगी संस्थाले आफ्नो कार्य क्षेत्र भित्रका कार्यक्रमको अनुगमन तथा मूल्यांकनको लागि जिल्ला स्थित सबै सरोकारवाला निकायहरु जस्तैः जि.वि.स., विषयगत कार्यालय, राजनीतिक दलका प्रतिनिधिहरु, पत्रकारहरुको संयुक्त टोलिबाट अनुगमन तथा मूल्यांकन गराउने काम भएको छ भने धेरै जसो गा.वि.स.मा गा.वि.स. सचिवहरुद्धारा अनुगमन तथा मूल्यांकन भएको छ । यसबाट कार्यक्रमका राम्रा तथा कमजोर पक्षहरुको पहिचान भई सुधारका प्रयासहरु पनि भएका छन् ।

जिल्ला स्थित ग.नि.को. सम्पर्क ब्यक्तिको रुपमा कार्य प्रबन्धक, बाह्य अनुगमनकर्ता तथा प्राबिधिक अन'गमनकर्ताहरुबाट पनि कार्य संचालन तथा अनुगमनकै सिलसिलामा बिभिन्न उप परियोजना तथा सहयोगी संस्था तथा सा.स.हरुको अनुगमन सम्पन्न भएको छ । सामुदायिक संस्था दर्ता हुनु भन्दा अघि सामुदायिक संस्था बनाउँदा सबै प्रक्रिया, पुरा गरेर, उद्देश्य बुझेर सबैको सहभागितामा गरिएके हो होइन जस्ता कुराहरुको जाँचपड्ताल गर्न सम्बन्धित सामुदायिक संस्थामा नै गई समुदायसंग पुनः सो सम्बन्धमा अन्तर क्रिया गर्ने गरिन्छ । त्यस बखत कोषको परिभाषा भित्र परेका गरीबहरु छुटेका भए र उनीहरुको स्वइच्छा भए समावेश गर्ने र कोषको परिभाषा भन्दा बाहिरको व्यक्ति समावेश भएको भए समुदायकै रायसुझावमा हट्ने/हटाउने काम पनि भएका छन् । त्यसै गरी सामुदायिक संस्थासंग संझौता हुनु अधि उनीहरुले गरेका मागहरु उनीहरुको आफ्नै स्वइच्छाले मागे नमागेको, माग सो ठाउँका लागि सामान्यतया आर्थिक, प्राविधिक, सामाजिक, वातावरणीय आदि हिसाबले उचित भए नभएको उनीहरुसैगै पुनः अन्तरक्रिया, छलफल गरी हेर्ने गरिन्छ ।

## ६. जिल्ला गरीवी निवारण समन्वय समिति र जिविससगको सहकार्य

जिल्ला स्थित ग.नि.को. सम्पर्क ब्यक्ति कार्य प्रबन्धक जिल्ला बिकास समितीमा बसि कार्य सम्पादन गर्ने हुदाँ जिल्ला बिकास समितीसंग तुलनात्मक रुपमा सहज संबन्ध बिकास भएको छ । जिल्लामा कार्यरत सहयोगी संस्थाहरुले नियमित रुपमा सम्पर्क तथा सम्बन्ध विस्तारका लागि जिल्ला विकास समितिमा चौमासिक, वार्षिक र जि.वि.स.ले माग गरेका वखत कार्यक्रम सम्बन्धमा प्रतिवेदन पेश गर्ने गरेका छन् । सहयोगी संस्थाहरुबाट पेश भएका कार्यक्रम तथा बजेटलाई जिल्ला विकास योजनामा समावेश गर्ने गरिएको छ । यसै गरी गा.वि.स.हरुमा समेत गाउँ परिषदमा उपस्थित भई आआफ्ना कार्यक्रमहरुको बारेमा जानकारी दिने र समिक्षा गर्ने गरिएको छ । यसबाट समन्वय र सम्पर्कमा विस्तार भइरहेको छ । त्यस्तै कोषबाट पनि चालु आ.व.को प्रगती, समिक्षा र आगामी आ.व.को कार्यक्रम तथा बजेट पेश गर्ने कार्य भएको छ ।

जिल्लामा लामो समय कार्य प्रबन्धकको उपस्थिती नहुनुले औपचारिक रुपमो जिल्ला गरीवी निवारण समन्वय समितिका बैठक तथा अनुगमन यस आ.ब. मा सम्भब नभएतापनि सम्बद्ध सबैमा अनौपचारिक रुपमा जानकारी गराइएको छ । साथै ग.नि.को. बाट प्राप्त रकमबाट ग.नि.को. सम्पर्क कार्यालय ब्यबस्थापन भई कार्य सम्पादन हुदै आएको छ ।

### ६.१ अन्य सरोकारवाल निकायसंग समन्वय तथा सम्वन्ध

कोषले कहिले आफ्नै पहलमा र कहिले सहयोगी संस्थाहरु मार्फत जिल्ला स्थित सबै विषयगत सरकारी कार्यालय, जिल्लामा क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुका प्रतिनिधि, राजनितिक दलका प्रतिनिधिहरु, संचार माध्यमका प्रतिनिधिहरुसंघको बीचमा जिल्लामा संचालित कोषका कर्यक्रमका सम्बन्धमा समिक्षा एवं अन्तरक्रिया गर्ने गराउने काम भएको छ । यसै गरी सहयोगी संस्थाहरुका बीचमा पनि मासिक रुपमा कार्यक्रमको समिक्षा तथा अनुभव आदन प्रदान गर्ने कार्य निरन्तर रुपमा भइरहेका छ ।

।

**६.२ अन्य विकास साझेदारहरुसंग समन्वय तथा सवन्ध**

जिल्लामा क्रियाशिल अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुका प्रतिनिधि, राजनितिक दलका प्रतिनिधिहरु, संचार माध्यमका प्रतिनिधिहरुसंघको बीचमा जिल्लामा संचालित कोषका कर्यक्रमका बारेमा पनि निरन्तररुपमा समन्वय तथा सम्बन्ध बिकास भएको छ ।

**७. ज्ञान व्यवश्थापन तथा सचार सवन्ध**

जिल्लामा आबद्ध १५ सहयोगी संस्था मार्फत भए गरेका कार्यहरुको जिल्ला स्थित संचार माध्यमहरुबाट निरनतर प्रचार प्रसार भैरहेको छ जस अर्न्तगत एफ. एम. तथा पत्र पत्रिकाहरु रहेका छन् ।

आगामी दिनमा जिल्ला स्थित संचार माध्यमहरुसंग सहकार्यमा काम गर्ने लक्ष्य लिइएको छ ।

**८.कोषको सहयोगमा जिल्लामा संचालित कार्यक्रमबाट देखिएका केहि सकरात्मक प्रभावहरु**

जिल्लामा गरिएको लगानीको समग्र प्रभाव कस्तो रह्यो भन्ने सम्बन्धमा लाभान्वित सामुदायिक संस्थाका सदस्यहरुसंग गरिएको अन्तरक्रिया, छलफल आदिबाट देखिएका केहि प्रभावहरु देहाय अनुसार छन्

- सामुदायिक संस्थामा आबद्ध हुनु अघि आफ्ना दैनिकी संचालन गर्नका लागि गाउँकै साहु महाजनबाट वार्षिक ३६-६०% दरको व्याजमा ऋण लिने गर्दथे । यसरी लिएको ऋणको साँवा र व्याज त उनीहरुले फिर्ता गर्नु पर्थ्यो नै साथै ऋण लिएवापत उनीहरु साहुको घरमा विना पारिश्रमिक दासले जस्तै काम गरिदिनु पर्थ्यो । हाल त्यसमा पुरै कटौती भएको छ । सामुदायिक संस्थामा आबद्ध गरीबहरुले आफ्नै संस्थाबाट आफुलाई आवश्यक पर्ने ऋण सस्तो व्याजमा लिने गरेका छन् । यसबाट उनीहरुको आफ्नो दैनिकीमा सुधार मात्र भएको छैन आयआर्जनामा बृद्घि भई आफ्ना बालबालिकाहरुलाई स्कूल पठाउने गरेको समेत पाइन्छ ।

- आफुलाई आवश्यक पर्ने ऋणका लागि आफ्नै सामुदायिक संस्थामा माग गर्ने, संस्थाका सबै सदस्यहरु बसेर एक आपसमा छलफल गर्ने उचित देखेमा आफ्ना सदस्यलाई ऋण दिने, सो ऋणको व्याज तोक्ने, ऋण असुली अबधी तोक्ने यी यावत सबै काम सामुदायिक संस्थाका सदस्यहरुले गर्ने गरेका हुँदा यस कार्यक्रम प्रति समुदायको अपनत्व भएको स्पष्ट देख्न सकिन्छ ।

- कार्यक्रम संचालन भएका गा.वि.स.का धेरै जसो महिलाहरुलाई चुलाचौका बाहेक अन्य जानकारी थिएन । हाल यस कार्यक्रममा ९० प्रतिशत भन्दा बढी महिला सदस्य छन् । आजकल उनीहरु महिनामा तोकिएको दिनमा उपस्थित हुने एक आपसमा आ-आफ्ना समस्याहरुको बारेमा छलफल गर्ने,आ-आफ्ना हिसाब किताब राख्ने,देखाउने, सामुदायिक संस्थामा के भइरहेको छ, जानकरी लिने गर्दछन् । यसले साच्चीकै गरीब महिलाको जीवन यापनलाई सार्थकता बनाउने तर्फ उनीहरुलाई स्वतस्फुर्त बनाएको छ ।

- नागरिकता किन चाहिन्छ भन्ने अधिकांशलाई महिलाहरुलाई थाहा थिएन । सामुदायिक संस्थामा बैंक खाता संचालनको अनिवार्य नागरिकता हुनुपर्ने भएकोले सो नागरिकता बनाउने क्रममा नागरिकता नभएका सबै सदस्यहरुले नागरिकता बनानु पर्ने कुरालाई सहजीकरण गरिएको हुँदा हाल अधिकांस महिलाहरु संग नागरिकता देख्न सकिन्छ ।

- दलितहरुका लागि चिया/पानी पिउन, खाना खान होटलमा समेत अलग भाँडा राख्ने समाजका दुर गाउँहरुमा समेत दलित र गैरदलित संगै बसेर छलफलद्वारा आफ्ना सामुहिक समस्याहरुको टुंगो लगाने परिपाटीको सिर्जना हुनु कार्यक्रमको प्रतिफल हो । त्यसै गरी हाल बजारउन्मुख स्थान वरीवरिका दलितहरुको दुध समेत विक्रि हुन थालेको छ ।

- सामाजिक सद्भाबमा बिकास भएको छ ।

**९. सिकाई तथा चुनौतिहरु**

**सिकाई**

- योजनाको तयारी देखि कार्यान्वयनका सबै प्रक्रिया र तहमा समुदायको प्रत्यक्ष संलग्नता भएको हूँदा यस कार्यक्रममा समुदायले स्वामित्व लिएका छन् ।
- समुदायको प्रत्यक्ष संलग्नतामा र सघन रुपले संचालन गरिने सामुदायिक परिचालनले सामुहिक आवाजलाई बुलन्द गराउने भएकाले गरीबी र असाक्षरता व्याप्त भएको समुदायमा पनि आफ्नो जीवनस्तरलाई माथि उठाउने एउटा अवसरको रुपमा समुदायले लिएको छ भने यहि सघन र सहभागितात्मक सामाजिक परिचालनले लाखौको लागतमा सम्पन्न गरिएका भौतिक पूर्वाधारमा समुदायले स्वतस्फूर्त रुपमा योगदान गर्न सक्षम भएका छन् ।
- कोषको कार्यक्रमको प्रत्येक तहमा पारदर्शिता भएकाले समुदायले पनि सोहि अनुसार आफ्ना कार्यक्रमहरुलाई पारदर्शि तरिकाले संचालन गरेका छन् ।
- अन्तिम लक्षित वर्ग सम्म कार्यक्रम पुर्‍याउन सोहि वर्गको संस्थागत विकासलाई प्रमुख अस्त्रको रुपमा लिएको हुँदा समुदाय आफ्नो संस्थालाई संस्थागत रुपम दिन तत्पर देखिन्छन् ।
- आवाजविहिन र श्रोतसाधनविहिन कैयौ वेसाहारा जस्तै भएका गरीब महिलाहरुको कार्यक्रममा असाध्यै सहभागिता रहेको छ ।

- साझेदार संस्थाहरुको समुदाय प्रतिको सेवाभावले असाध्यै बिषम परिबेश तथा वस्तिमा बसोवास भएका समुदायसम्म कार्यक्रम पुराउन सहज भएको छ । यसले सिमान्तकृत र सामाजिक बहिष्करणमा परेको समुदायको आवाजलाई अगाडी ल्याउन सहज बनाएको छ। यस कार्यक्रमले तिनीहरुको विश्वास जितेको छ।
- विभिन्न निकाय र व्यक्तिहरुबाट हुने कार्यक्रमको निरन्तर अनुगमन प्रक्रियाले समुदायलाई आफुले संचालन गरेका कामप्रति उत्तरदायि हुन समेत सिकाएको छ।

**चुनौति**

- ग.नि.को.को नितिगत निर्णय बमोजिम सहयोगी संस्था कम गर्ने भने बमोजिम कार्य सम्पन्न गर्न तथा कार्यरत संस्था , समुदाय आदि सम्बन्धित कागजात लिने दिने प्रकिया सम्पन्न गर्न।
- सामुदायिक संस्थाका अधिकांस सदस्यहरु निरक्षर भएका हुँदा उनीहरुको क्षमता विकास गरी उनीहरुको संस्थालाई स्वतस्फूर्त रुपमा संचालन गराउन सक्ने बनाउन।
- घुम्तिकोषको व्यवस्थापन र व्यवस्थित रुपमा संचालन गरी त्यसलाई दीर्घजीवी बनाउन।
- भूमिहिनहरुलाई आयआर्जन क्रियाकपालहरुको विकल्प पहिचान गरी उनीहरुको आर्थिक अवस्थालाई माथि उठाउन।
- जोखिमयुक्त पशुहरु जस्तै बाखा जस्ता पशुहरुको विमा गराई जोखिम कम गर्न।
- उनीहरुको उत्पादनलाई बजार सम्मको पहुँचका साथै प्रतिष्पर्धी बनाउन।
- समुदायको बढ्दो मागलाई सहि समयमा संबोधन गर्न।
- कानूनी मान्यता प्राप्त संस्थाको रुप लिई दीर्घकाल सम्म संचालन हुन सक्ने बनाउन।
- अन्य सेवा प्रदायक निकायहरुसंगको सेवा लिन सक्ने बनाउन।

**१०. आगामी योजना**

- आगामी आ.व.२०७३/७४ भित्र जिल्लाका कार्यक्रम निरन्तरता गर्ने।
- सहयोगी संस्था कम गरि कार्य संचालन सुचार गर्ने।
- सामुदायिक संस्थाहरुको संजाल निर्माण तथा सशक्तिकरणमा ध्यान दिने।
- अन्य आधारभूत भौतिक पूर्वाधार जसले गरीबको जीविकोपार्जन प्रत्यक्ष सहयोग गर्दछ, निर्माण तथा संचालन गर्न सहयोग तथा सहजीकरण गर्ने।
- सामुदायिक संस्थाहरुलाई आफै संचालन गर्न सक्ने बनाउन उनीहरुको संस्थागत विकास तथा क्षमता विकास जस्ता तालिमहरु संचालन गर्ने। जसले सामुदायिक संस्थाहरुलाई कानूनी मान्यता प्राप्त संस्थाहरु बन्न सहयोग पुर्‍याउने छ।
- समुदायमा सामुदायिक पशु विमा समिति बनाई आफ्ना पशुहरुको विमा गर्ने र सो सम्बन्धि आवश्यक योजना बनाउन सहयोग गर्ने।
- समुदायलाई आवश्यक पर्ने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तयार गर्न आवश्यक सहयोग उपलब्ध गराउने।
- संभाव्यताका आधारमा विभिन्न उत्पादनका (PotentialAreas) पहिचान गरी तिनीहरुलाई (Clustering) गर्ने।
- गरीबीको क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय तथा सम्बन्ध विस्तार गर्ने।

**११. सफलताका कथाहरु**



**"गोरुले ग-यो समस्याको समाधान "**

जिल्ला सर्लाही गा.वि.स. पिपरियामा गरीबी निवारण कोष ताहाचल काठमाण्डौको आयोजना र ग्रामिण सेवा समाजको सहयोगमा पिपरिया गा.वि.स.मा २३ वटा सामुदायिक संस्था गठन भएका छन् । ति सामुदायिक संस्थाहरु मध्ये अन्जुमन सामुदायिक संस्था पनि एक हो । यस सामुदायिक संस्थामा २१ जना सदस्यहरु छन् जस्मा मुस्लिमहरु मात्रको समुह छ । २१जना सदस्यहरु मध्ये रुमैसा खातुन पनि यस सामुदायिक संस्थाका मुस्लिम

महिला सदस्य हुन । यस सामुदायिक संस्थामा गरीबी निवारण कोष बाट ५,१६,९४६ र सामुदायिक संस्थाबाट ५२४०० गरी जम्मा ५६९३४६ रुपैया रहको छ ।

रुमैसा खातुन मुस्लिम परिवारको गरीबीको रेखा मुनी रहेकी एक महिला सदस्य हुन उनको घरमा ५ छोरा, २ छोरी र श्रीमान् श्रीमती गरी जम्मा ९ जनाको परिवार छन् । धन सम्पतिको नाउँमा १४ धुर घडेरी मात्र रहेको छ । आफ्नो खेत बारी नहुदा उनको श्रीमान्ले अरुको खेत बारी ठेक्का लिई धान ,ऊखु रोप्ने काम गर्ने गर्थे । उनको आफ्नो हलो जोत्ने गोरु नभएको कारणले अरुको गोरु , ट्र्याक्टर द्धारा आफ्नो खेती गर्ने गर्थे । जोताईमा लाग्ने खर्चको कारणले खेती बाली भित्रियाउँदा साउँलाई ठेक्का बुझाउँदा आफुलाई कम फाईदा हुने गर्दथियो र समयमा खेती लगाउँन पनि अप्ठ्यारो परेको थियो । ठूलो परिवार भएको कारणले गर्दा हात मुख जोड्न पनि धौ धौ थियो ।



२०६४/०६५ मा जब गरीबी निवारणको कोषको अनुदान र ग्रामिण सेवा समाजको सहकार्यमा समुह गठन भयो त्यस समुहमा केही फाईदा होलाकी भन्ने आशामा रुमैसा पनि त्यस समुहमा आवद्ध भईन र उनी आफै समुहको एक जिम्मेवारी पद कोषाध्यक्ष पनि भईन । उनले आफु जिम्मेवारी पदमा भएको कारणले पनि त्यस समुहलाई जस्तो एक महिलाले भरर्खर जन्मेको शिशुलाई जस्तो स्याहार संभार गर्दछ त्यसतैनै उनले त्यस समुलाई अगाडी बढाउन आफु दिलो ज्यानले लागिन फल स्वरुप २०६६/६७ सालमा गरीबी निवराण कोषले अन्जुमन सामुदायिक संस्थाको अवस्था राम्रो देखेर आय आर्जन क्रियाकलापको लागि रकम प्रदान गरियो । जस्मा रुमैसाले गोरु पालनको लागि रु २८००० रुपैया ऋण लिईन जुन पैसा उनले आफुले खेतबारी जोताईमा लागेको खर्च र समयमा खेतबारी जोत्न नपाएको कारणले त्यो पैसाको सही सदुपयोग गरी उनले एकहल गोरु खरिद गरीन् । गोरु किन्दा रुमैसा धेरैनै खुसी भईन् उनको खुसीको सिमा रहेन उनका श्रीमान् पनि खुसी भए ।
उनका श्रीमान्ले आफनो खेतीपाती लगाई सकेपछि अरुको खेतबारी जोत्ने काम गरी राम्रो आम्दानी लिन सफल भए त्यस आम्दानीले उनले घुम्तीकोषको किस्ताको रकम पनि तिर्न सफल भए र आफनो खेती पाती पनि समयमा लगाउन पाउनाले खेती पनि राम्रो भयो । उनले पहिलो पटकको ऋण समयमै चुक्ता गरी पुःन दोस्रो पटक उनले रु ४८००० हजार ऋण लिएर शुरुको किनेको गोरु अली खेती गर्न नस्कने अवस्था भएकोले त्यो गोरु बेची नयाँ गोरु खरिद गरिन । उनले नियमित अरुको खेतबारी ठेक्का गरी रहिन खेतीको आम्दानी र गोरुको आम्दानीले दोस्रो पटकको पनि ऋण चुक्त गरीन र तेस्रो पटक पुःन उनले ५४००० हजार रुपैया ऋण लिई आफनो कारोबार नियमित रुपमा अगाडी बढाउदै गईन ।

अन्तमा रुमैसा भन्छिन यो गरीबी निवराण कोषको कार्यक्रम गरीब निमुखा जनताको लागी धेरैनै राम्रो कार्यक्रम रहेको छ । आफ्नै पैसा आफ्नै ब्याज अरुको आशा गर्नु नपर्ने भएकोले आफुले लिएको ऋण चुक्का गरी पुःन ऋण लिन पाउने ब्याज पनि साउ माहाजनको भन्दा कम भएको कैसैको चाकडी पनि गर्नु नपर्ने जग्गा धितो कसैलाई जवानी राख्नु पनि नपर्ने हामीहरुले मासिक रुपमा गरिने बचत रु ३०रुपैया बाट अप्ठ्यारो परेको बेला पनि ऋण लिन आफ्नो समस्याको समाधानको माध्यम पनि रहेको बताउछिन् रुमैसा

**परिश्रमको फल मिठो ।**
नेपालमा रहेका गरिवहरुलाई न्यूनिकरण गर्ने उद्धेशय लिई नेपाल सरकार गरिवि निवारण कोषले गरिवि न्यूनिकरण कार्यक्रम संचालन गरेको हो । यस कार्यक्रम संचालित जिल्लाहरु मध्ये सर्लाही जिल्ला पनी एक हो । सर्लाही जिल्लाको लालवन्दी नगरपालीकामा रहेको बाल संरक्षण संस्थाद्धारा गठीत कालिन्जोर गा.वि.स. को २३ वटा सामुदायीक् संस्था मध्ये लक्ष्मी सामुदायिक संस्था पनि एक हो । यस लक्ष्मी सामुदायीक् संस्था मा २९ जना सदस्यहरु मध्ये १ जना पुरुष र २८ जना महिला रहेका छन् । दलित १ जना जनजाती ७ जना बाहुन क्षेत्री १९ र अन्य २ जना गरी समावेशी ढंगले गठन गरिएको संस्था लक्ष्मी सामुदायिक संस्था हो । यस संस्थाका सदस्यहरु मध्ये परमशिला मण्डललाई गरिवी न्यूनिकरण कार्यक्रमले यसरी पार्‍यो प्रभाव भन्नुहुन्छ परमशिला मण्डल ।

गरिवी न्यूनिकरण कार्यक्रमले मेरो जिवनमा बिस्तारै परिर्वतन ल्याएको छ । ४ छोरी र १ छोरा गरी जम्मा ७ जनाको परीवारीक जिवीकोपार्जन गर्न असहज परिस्थीती भएपछी गाउंमा १०० कडा ४/५ रुपैयामा पैसा लिई विदेश जानु भयो । भाग्यले साथ नदिएपछि ऋणनै नतिरी नेपाल र्फकन बाध्य हुनुभयो । यसरी पैसाले भौतारिएको बेला बाल संरक्षण संस्थाले गरिवी न्यूनिकरण कार्यक्रम अर्न्तगत सामुदायिक संस्थामा म पनी सदस्यको रुपमा आवद्ध भए । पहीले त विश्वाशनै थिएन यसरी हाम्रो परीवारमा खुसी ल्याउछ भनेर विश्वाश नभएपनी रु १० वाट बचत सुरु गरि बैठकमा जाने समस्याहरु बाडफाड गर्ने माध्यम बन्यो । यसरी संस्थाको बैठक बस्दा बस्दौ गरिवी निवारण कोषले आयआर्जन कृयाकलाप गर्न ऋण लगानी गरेपछी साहु महाजनको चर्को व्याजबाट हैरान भएको बेला ,भाग्यले ठगेको बेला आखामा आसु जिन्दगीलाई बोझ मानी यसै कार्यक्रमको पैसाले नै नेपालमा व्यवसाय संचालन गर्ने उद्देश्यले मिति २०६६।०७।१६ गते रु १८०००।- कृण लिएर कुखुरापालन ब्यवसाय शुरु गरी श्रीमान श्रीमती दुवै मिलि आम्दानी को स्रोत बढाउन थाल्यौं ।

३३ वर्षीय परमशिलाको सानो कुखुराको खोरबाट कुखुरापालन व्यबसाय सुरुवात गरि आर्थिक आम्दानी लिन थालेपछी ७ जनाको परिवारलाई विहान बेलुका छाक टार्न सहज हुदै गयो । कुखुरा पाल्दै पहिलो पटकको ऋण मिति २०६८।०२।१४ मा चुक्ता गरे पछी सोही मितिमा पुन दोस्रो पटक  रु २६०००।- ऋण लिई कुखुरा पाल्दै कुखुराको मासु काटेर वेच्न थाल्नुभयो । श्रीमती कुखुरा काटेर बेच्ने गरेपछि आम्दानी को स्रोत बढदै जादा ऋण सहज ढंगले तिरे पछी पुन मिति २०६९। ०५। १६ रु ४००००।- ऋण कुखुरापालनको लागी नै लिए र श्रीमान ले पैसा कमाउन उद्देश्यले कुखुराको मासु काटने ठाउको छेउमा तरकारी व्यापार गर्ने सुरु गर्नु भयो । त्यो संगै साईकल वनाउने ठाँउ बनाई श्रीमानले पैसा कमाई श्रीमान श्रीमतीले महिनामा कम्तिमा ९/१० हजार कमाउनु थाल्यौं । यसरी लक्ष्मी सामुदायिक संस्थाले ऋण बिना धितो एक रुपैया सस्तो व्याजमा पाएपछि तेश्रो ऋण चुक्ता गरी मिति २०७१।०१।१४ गते रु ४५०००।- ऋण पुर्ण लिई व्यवसाय बढाउदै जान थाल्यौ र मिति २०७२।०९।१४ गते रु ४५०००।- पनि चुक्ता गरि पुन रु ५००००।- ऋण लिई व्यवसाय लाई निरन्तर दिदै आएकी लक्ष्मि सामुदायीक संस्थाकी सदस्य परमशिला मण्डल खुशी हुदै भन्नुहुन्छ ।

यसरी लक्ष्मी सा.सं. वाट ऋण सहज पाएर नेपालमा परीवार संग बसेर महिनाको रु १००००।-  कमाउन पाएकोमा मेरो ऋण पनी तिरीसकीयो अब म विदेश नजानि नेपालमा दुःख गरेर बस्ने वातावरण वनाउनु भएको छ । परमशिला मण्डलले भन्नुहुन्छ अब घडेरी नभएकोले घडेरी किन्ने योजना बनाएको छु । यसरी हाम्रो परीवारमा खुसी ल्याएकोले भएको आम्दानी बाट चामल किन्ने छोरा छोरी लाई स्कुल पढाउने लताकपडा किन्ने ऋण तिरेर दिनको रु २५ सहकारी रु २५ समुह र महिनाको रु २० लक्ष्मी सा.सं. मा जम्मा गर्ने गरेको छु भन्नुहुन्छ । यसरी आम्दानिको स्रोत बढाई परिवारमा खुसी ल्याएको गरिवी निवारण कोष र बाल संरक्षण संस्थालाई हृदय देखिनै धन्यवाद ज्ञापन गर्नुभएको छ ।

**"१ रुपैया नहुने महिलाले गरे १० लाखको कारोबार"**

गा.बि.स.बसंतपुर बडा नं.६ मा गरिबी निबारण कोष काठमाण्डौको आर्थिक सहयोग र प्रेरणा मलंगवा सर्लाहीको सहजीकरणमा ३३ जना मुसलिम समुदायको महिलाको सहभागितामा ६ बर्ष पहिले  चांद सामुदायिक संस्था गठन भएको थियो । सो संस्थाको नेतृत्वभने महिलाले नै गर्दै आइ रहेको छिन । संस्थाले आफनो सदस्यबिच क्षमता अभिबृद्धि , समाजिक परिचालन, आयआर्जन कार्यक्रम संचालनलाई निरन्तरता दिएको छ ।



संस्था गठन हुनु भन्दापुर्ब सो बस्तीका अधिकांशमहिलाहरु एकजुट नभई आफनै घर भित्र घुघुटो मा बस्नु पर्ने बाध्यताले पारिबारिक जीवन कष्टमय बिताउनु पर्थ्यो बतोछिन संस्थाका कोषाध्यक्ष मकिना खातुन । सदस्यहरु कुनै पेशा  व्यबसायमा संलग्न नभएको हुनाले पैसा त के कमाउनु बरु उल्टो बिभिन्न किसिमका स -सना कुरामा सदस्यहरु बीचझै झगडा भई रहन्थ्यो र मुदामुकदमामा परि पैसाको बिनास लगायत समयको दुरुपयोग हुन्थ्यो भन्छिन संस्थाका अध्यक्ष जलिमा खातुन । आफु भित्र रहेको कमजोर आत्मबिश्वासको कारणले महिला सदस्यहरुको घर परिबार भित्र समान्य झै झगडा बादबिबाद जस्ता समान्य समस्याको समाधान गर्न गाउका नेता वा अन्य पुरुषमा निर्भर हुनु पर्थ्यो भन्छिन संस्थाका सदस्य जोहरा खातुन । यति मात्र होइन कि आफनो जिबको पार्जन गर्नका निम्ति पुरुषको कमाईमा निर्भर हुने , त्यसले न पनि नपुगेको खण्डमा गाउका साउमहाजन कहा ३ - ४ पटक धाई ३६ - ६० प्रतिशत ब्याज दरमा ऋण लिने गर्दथ्यो भन्छिन खातुनले शुरु शुरुमा प्रेरणाको कर्मचारी हाम्रो् समुदायमा आएर काम गर्ने बताबरण सहज नभएको हुनाले फर्केको अबश्था थियो तर फेरी हामी महिलाले नै कर्मचारी संग सम्पर्क गरी हाम्रो बस्तीमा कार्यक्रम संचालन गरि दिनु अनुरोध पश्चात काम संचालनमा आएको हो बताउछिन संस्थाका सदस्य मोमिना खातुन ।

तर ती सबै घटनालाई आजको दिनमा स्मरण गर्दा पहिला हामीमा गलत बिश्वास र आत्म कमजोर बिश्वासको कारण बाहेक केही थिएन। सो गलत बिश्वासलाई हटाइ हामीमा सकारात्मक सोचमा परिबर्तन गर्दै अटल बिश्वास र दरिलो आत्म साहस बिकास गराई दिने सहयोगी संस्था प्रेरण ,मलंगवा सर्लाहीलाई धन्यबाद दिन्छौ भन्छिन सा.संस्थाका पदाधिकारीहरुले । प्रेरणाको सहजीकरणको कारणले गर्दा आजहामी ३३ महिला सदस्यहरुले रु५०।-अक्षरेपी पच्चास रुपैयाले मासिक बचत गरी ब्यक्तिगत बचत रु५०००।-अक्षरेपी पाँच हजार र सामुहिक बचत रु ११३०००।-अक्षरेपी एक लाख तेरह हजार रुपैया सम्म पुरयाएको छौ जब कि बचत के हो हामीलाई थाहै थिएन भन्छिन संस्थाका सचिब सफैदा खातुन । आफैले रोजेको पेशा ब्यबसायका लागि  गरिबी निबारण कोषको तर्फबाट करिब ७५००००।-अक्षरेपी सात लाख पच्चास हजार रुपैया अनुदानको रुपमा प्राप्त गरी आ-आफनै पेशा ब्यबसायमा ब्यस्त भई समयको सदुपयोग लगायत पैसा कमाउने कार्यमा अग्रसर भएका छौ । १ रुपैया नहुने हामी महिलाले आजको दिनमा रु ५०।- रुपैयाले सामुदायिक संस्था संचालन गरी रु १००००००।- अक्षरेपी दशलाखमा कारोबारलाई पुरयाउन सक्षम भएका छौ । संस्थाका मात्र होइन कि घर र बस्तीमा भएको हरेक किसिमको समस्या समाधान गर्न हामी आफै सक्षम भएका छौ भन्छिन संस्थाका कोषाध्यक्ष मकिना खातुन । आजको दिनमा सदस्यको ९० प्रतिशत आर्थिक आबश्यक्ता परिपुर्ती सामुदायिक संस्थाबाट नै गर्दछौ । सदस्यहरुले सामुदायिक संस्थाबाट नै १२ प्रतिशत ब्याज दरमा रु.५००००।- - ६००००।- सम्म बिदेश जान , आय-आर्जन गर्न बिभिन्न ब्यबसाय पेशा संचालन गर्न जस्ता काम गर्न ऋण लिने भाखा समय भित्र चुक्ता गर्ने गर्दछ । आज प्रत्येक सदस्यको घरमा महिला र पुरुषको कमाईले दुई गुणा आम्दानीहुने भई रहेका छ । जसका जवलन्त नमूनाको उदारणको रुपमा संस्थाका सदस्य रहिमा खातुनलाई लिन सक्छौ । रहिमा खातुनले शुरुमा २५०००।- ऋण लिई किराना पसल थापी कमाई गर्दै मासिक रु.५००० -१००००।-आम्दानी गर्दै छिन र पसलको पुजी रु.५०००० मा पुरयाएको छिन । पहिला पहिला पुरुष माथी निर्भर हुने हामी महिला अब आफनै रोजगारी र ब्यबसायबाट आमदानी गरि आफैमा निर्भर भएका छौ र घरको आम्दानी

समेत दुइ गुणा बढाएका छौ । ७ बर्ष अबधिको सिकाईको अधारमा अगामी दिनमा यस संस्थालाई अझै शसक्त र सबल बनाउने प्रतिबद्धता छ । यस्तो अबस्था सम्म ल्याई दिने गरिबी निबारण कोष काठमाण्डौ र प्रेरणा मलंगवा सर्लाही हार्दिक धन्यबाद दिन्छौ ।